कृषि तथा वन विज्ञान विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
रामपुर, चितवन
फोन नं.०५६-५९२४०४

प.नि.का.च.नं.......................२०७४/०७५

मिति: २०७५।०१।०२

# परीक्षा आवेदन फारम भर्ने सूचना

कृषि तथा वन विज्ञान विश्वविद्यालयको पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय अन्तर्गत शैक्षिक सत्र २०७३।०७४ र शैक्षिक सत्र २०७२।०७३ मा सञ्चालित स्नातकोत्तर तह र विद्यावारिधि तहका शैक्षिक कार्यक्रमहरु (M.V.Sc., M.Sc. An.Sc., M.Sc.Fisheries & Ph D) मा भर्ना भई क्रमश: दोस्रो सेमेष्टर र चौथो सेमेष्टरमा अध्ययनरत विद्यार्थीहरुले उक्त सेमेष्टरहरुको नियमित परीक्षा (Regular Examinations) मा सम्मिलित हुन २०७५ साल वैशाख ९ गते देखि वैशाख २७ गते सम्म नियमित शुल्क र तत्पश्चात २०७४ साल वैशाख २८ गते देखि वैशाख ३१ गते सम्म विलम्व शुल्कमा परीक्षा आवेदन फारम भरी कार्यालय समय भित्र सम्बन्धित संकाय डीनको कार्यालयमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ। परीक्षा आवेदन फारम सम्बन्धित संकाय डीनको कार्यालयवाट प्राप्त हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

शर्तहरु :

१. परीक्षा आवेदन फारममा उल्लेखित विवरणहरु सवै भरिएको हुनु पर्नेछ । आवेदन फारममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टांसिएको हुनु पर्नेछ ।

२. नियमित परीक्षाको हकमा परीक्षा शुल्क रु. १०००।- र परीक्षा आवेदन फारम शुल्क रु. १००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको अवधिमा फारम नभरेमा निम्न वमोजिम विलम्व शुल्क लाग्नेछ ।

| | |
|---|---|
| वैशाख २८ गते | रु. ३००।- |
| वैशाख ३० गते | रु. ५००।- |
| वैशाख ३१ गते | रु. १,१००।- |

३. आन्तरीक मूल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन् । परीक्षार्थीहरुको प्राप्ताङ्क परीक्षा आवेदन फारममा सम्बन्धित संकायले अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

४. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुनु २ (दुई) दिन अगावै सम्बन्धित संकायबाट उपलब्ध गराइनेछ ।

५. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा संम्पर्क राख्नुहोला ।

६. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website : www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

.......................................

प्रा.नारायण राज जोशी
परीक्षा नियन्त्रक

परीक्षा नियन्त्रक